KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# NEPAL MEDICAL ASSOCIATION
## ELECTION COMMITTEE
## (2082-2085)

Siddhi Sadan, Exhibition Road, Kathmandu, Nepal, Telephone no. 01-5325860. Email: nmaelection2082@gmail.com Web: www.nma.org.np

**ELECTION COMMITTEE**
**(2082-2085)**

**Chief Election Officer:**
Dr. Pranay Ratna Shakya

**Election Officer:**
Advocate Baburam Aryal

**Election Officer:**
Dr. Atit Paudel

**Election Officer:**
Dr. Bidur Prasad Acharya

**Election Officer:**
Dr. Ranjana Sharma

मिति: २०८२/०८/२५

## निर्वाचन सम्बन्धी सूचना

मिति २०८२/०८/२५, बिहिबार नेपाल चिकित्सक संघ, केन्द्रीय कार्यकारिणी समिति र नेपाल चिकित्सक संघ परिषद्को निर्वाचन २०८२ का मतदाताहरूको प्रथम नामावली संघको वेबसाइट **www.nma.org.np** मा प्रकाशन गरिएको छ । उक्त नामावली उपर दावी विरोध भएमा मिति २०८२/०८/२७, शनिबार दिनको १ बजे भित्र निर्वाचन समितिको इमेल **nmaelection2082@gmail.com** मार्फत समितिलाई उपलब्ध गराउन मिल्ने यसै सूचना मार्फत जानकारी गराइएको छ ।

**द्रष्टव्य:**

१. निर्वाचन समितिलाई प्राप्त हुन आएको दावी विरोध उपर आवश्यक छानबिन गरी मिति २०८२/०८/२९, सोमबार मतदाताको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

२. **मनोनयन पत्र वितरण:** नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति (कार्यकाल २०८२-२०८५) का लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १/१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सहसचिव-१, सह-कोषाध्यक्ष-१ र सदस्य-६ गरी जम्मा १९ पदमा उम्मेदवारी दिन इच्छुक उम्मेदवारहरूका लागि मिति **२०८२/०९/०१, मंगलबार बिहान १० बजे देखि दिउँसो २ बजे सम्म** नेपाल चिकित्सक संघको केन्द्रिय कार्यालय, काठमाडौँमा मनोनयन पत्र वितरण गरिनेछ । उक्त अवधि पश्चात् मनोनयन पत्र वितरण गरिने छैन । मनोनयन पत्रका लागि रु २००/- (अक्षरुपी दुई सय रुपैयाँ मात्र) शुल्क लाग्नेछ ।

३. **मनोनयन दर्ता:** मिति २०८२/०९/०२, बुधबार बिहान १० बजे देखि दिउँसो ३ बजे सम्म मनोनयन पत्र दर्ता गर्नुपर्नेछ । उक्त अवधि पश्चात् मनोनयन पत्र दर्ता गरिने छैन ।

निर्वाचन समिति २०८२-२०८५

KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
## NEPAL MEDICAL ASSOCIATION
## ELECTION COMMITTEE
## (2082-2085)

Siddhi Sadan, Exhibition Road, Kathmandu, Nepal, Telephone no. 01-5325860. Email: nmaelection2082@gmail.com Web: www.nma.org.np

**ELECTION COMMITTEE**
**(2082-2085)**

**Chief Election Officer:**
Dr. Pranay Ratna Shakya

**Election Officer:**
Advocate Baburam Aryal

**Election Officer:**
Dr. Atit Paudel

**Election Officer:**
Dr. Bidur Prasad Acharya

**Election Officer:**
Dr. Ranjana Sharma

४. उम्मेदवारले पासपोर्ट साइजको फोटो टाँस गरी रीतपूर्वक भरिएको मनोनयन पत्रमा सही गरी संघको केन्द्रिय कार्यालयमा उम्मेदवार स्वयं उपस्थित भई दर्ता पुस्तिकामा हस्ताक्षर गरी मनोनयन पत्र दर्ता गराउनु पर्नेछ । मिति २०८२/०९/०२, बुधबार दिउँसो ३ बजे पश्चात् मनोनयन पत्र दर्ता गरिने छैन। एक व्यक्तिले एउटा मात्र पदमा उम्मेदवारी दिन मिल्नेछ । मनोनयन पत्र दर्ता गराउँदा नेपाली नागरिकताको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । मनोनयन पत्रमा एक जना प्रस्तावक र एक जना समर्थकको दस्तखत अनिवार्य हुनुपर्नेछ । प्रस्तावक र समर्थकद्वारा एक भन्दा बढी उम्मेदवारलाई प्रस्ताव वा समर्थन गर्न पाइने छैन ।

५. उम्मेदवारको मनोनयन दर्ता शुल्क: अध्यक्ष पदको लागि रु.१०,०००/- (अक्षरुपी दश हजार रुपैयाँ मात्र),वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सहसचिव र सह-कोषाध्यक्ष पदका लागि रु. ८०००/- (अक्षरुपी आठ हजार रुपैयाँ मात्र) र कार्यकारिणी समिति सदस्य पदका लागि रु. ५०००/- (अक्षरुपी पाँच हजार रुपैयाँ मात्र) दर्ता शुल्क निर्धारण गरिएको छ ।

६. परिषद् सदस्यको निर्वाचनका लागि मनोनयन पत्र वितरण, मनोनयन दर्ता र परिषद् सदस्यको चयन  संघको केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन सम्पन्न भए पश्चात् आयोजना गरिने All Nepal Medical Conference (ANEMECON) मा गरिनेछ ।

७. निर्वाचन सम्वन्धी बाँकी कार्यक्रमहरू अर्को सूचना मार्फत जानकारी गराइनेछ।

नेपाल चिकित्सक संघ निर्वाचन समिति २०८२-२०८५ सिद्धि सदन, काठमाडौं

डा. प्रणय रत्न शाक्य
प्रमुख निर्वाचन अधिकृत